मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन ३० गते शनिबार ❑ 14 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## नेपाल-भारत विद्युत् आदानप्रदान समितिको बैठक पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

नेपाल-भारत विद्युत् आदानप्रदान समितिको १७औँ बैठक पोखरामा सम्पन्न भएको छ। यही फागुन २८ र २९ गते पोखरामा सम्पन्न बैठकमा आगामी एक वर्षका लागि भारतका बिहार, उत्तर प्रदेश तथा उत्तराखण्ड राज्यबाट नेपालले विद्युत् आयात गर्ने विषयमा सहमति भएको छ। बैठकले आगामी एक वर्षका लागि विद्युत् खरिद दर निर्धारण गरेको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले जानकारी दिनुभयो।

बैठकमा नेपालको तर्फबाट नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले नेतृत्व गर्नुभएको थियो भने भारतको तर्फबाट केन्द्रीय विद्युत् प्राधिकरणका बोर्ड सदस्य विजयकुमार सिंहले गर्नुभएको थियो। नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिले कार्यकारी निर्देशकलाई उक्त बैठकमा वार्ता गरी विद्युत् खरिद दरमा सहमति गर्न तथा सम्झौतामा हस्ताक्षर गर्न अख्तियारी प्रदान गरेको थियो। वार्ताका क्रममा भारतको पक्षबाट विद्युत् उत्पादन तथा आपूर्तिसँग सम्बन्धित लागतमा वृद्धि भएको उल्लेख गर्दै विद्युत् खरिद दरमा ५.५ प्रतिशत वृद्धि गरिनुपर्ने प्रस्ताव राखिएको थियो। नेपालको पक्षबाट भने भारतीय विद्युत् बजारको अध्ययन तथा उपलब्ध बजार सूचकाङ्कका आधारमा हालको बजार दर अपेक्षाकृत कम रहेको उल्लेख गर्दै दर वृद्धिको आवश्यकता नरहेको तर्क प्रस्तुत गरिएको थियो।

दुवै पक्षबीच भएको विस्तृत छलफल तथा विचार-विमर्शपछि गत वर्ष कायम गरिएको दरमा १.५ प्रतिशत मात्र वृद्धि गर्ने सहमति भएको प्राधिकरणले जनाएको छ। जुन वृद्धिदर अघिल्लो वर्षको समान रहेको छ। सहमतिअनुसार चालु वर्षका लागि १३२ केभी प्रसारण लाइनमार्फत खरिद गरिने विद्युत्को दर प्रतियुनिट रु ८.२२, ३३ केभी स्तरमा प्रतियुनिट रु ८.९१ तथा ११ केभी स्तरमा प्रतियुनिट रु ९.५५ कायम गरिएको छ। साथै विद्युत् खरिद दरको संरचनासम्बन्धी विषयमा आगामी वर्ष पुनःविस्तृत समीक्षा गरी छलफल गर्ने सहमति भएको छ।

सहमतिले आगामी चैत तथा वैशाख महिनामा पर्ने सुक्खा मौसममा नेपालको विद्युत् आपूर्ति व्यवस्थापनलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ। हाल नेपाल विद्युत् प्राधिकरणले दैनिक करिब १२ देखि १४ हजार मेगावाट घण्टा विद्युत् आयात गरिरहेको छ र सुक्खा मौसममा ऊर्जा माग बढ्दै जाँदा उक्त परिमाण अझ बढ्ने अनुमान गरिएको छ। बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सिडिइ सञ्जीव राय तथा परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरू, काठमाडौँस्थित भारतीय दूतावासका प्रथम सचिव सुमन शेखर लगायतको उपस्थिति थियो। बैठकमा दुवै पक्षले यस सहमतिले नेपाल-भारतबीचको ऊर्जा सहकार्यलाई अझ सुदृढ बनाउँदै क्षेत्रीय ऊर्जा सुरक्षालाई प्रवर्द्धन गर्ने तथा दुई देशबीचको दीर्घकालीन सौहार्दपूर्ण सम्बन्धलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरेका छन्। नेपाल र भारतबीच विद्युत् आदानप्रदानका लागि नेपाल-भारत विद्युत् आदानप्रदान समितिमार्फत विद्युत् खरिद गर्ने प्रक्रिया सन् १९९२ देखि निरन्तर रूपमा सञ्चालन हुँदै आएको प्राधिकरणले जनाएको छ। तीन दशकभन्दा लामो समयदेखि सञ्चालनमा रहेको यो संयन्त्र नेपाल-भारत ऊर्जा सहकार्यको एक महत्त्वपूर्ण आधारका रूपमा स्थापित भएको प्राधिकरणको भनाइ छ।

## पूर्व मेयर थापाको शनिबार अन्त्येष्टि गरिने, आइतबार सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

पोखरा महानगरपालिकाका पूर्व मेयर तथा नेकपा (एमाले) का केन्द्रीय सदस्य एवं कास्की इन्चार्ज कृष्णबहादुर थापाको पार्थिव शरीर शनिबार शवयात्रासहित अन्त्येष्टि गरिने भएको छ।

थापाको निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै पोखरा महानगरपालिकाले आइतबार महानगरका सम्पूर्ण कार्यालय तथा मातहतका शैक्षिक संस्थामा सार्वजनिक बिदा दिने निर्णय गरेको छ। ६६ वर्षीय थापाको बिहीबार कास्की क्षेत्र नम्बर-१ को निर्वाचन समीक्षा बैठकमा बोल्दै गरेका बेला अचानक ढलेपछि निधन भएको थियो। पार्टी कार्यालयमा आयोजित बैठकमा मन्तव्य राखेपछि कुर्सीमा बस्नु भएको थापा साथी नेताहरूसँग हात मिलाउने क्रममा एक्कासि ढल्न पुग्नु भएको थियो। तत्काल उपचारका लागि पोखरास्थित मणिपाल शिक्षण अस्पताल लगिए पनि चिकित्सकले दिउँसो करिब ३:४० बजे मृत घोषणा गर्नुभयो। प्रारम्भिक रूपमा हृदयाघातका कारण उहाँको मृत्यु भएको हुनसक्ने अस्पताल स्रोतले जनाएको छ।



एमाले कास्कीका अनुसार शुक्रबार बिहान ७:३० देखि १० :०० बजेसम्म जिल्ला पार्टी कार्यालयको प्राङ्गण शान्ति वनवाटिकामा थापाप्रति अन्तिम श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रम राखिएको छ। त्यसपछि बिहान ११ बजे पार्थिव शरीर उनको निवास पोखरा-बटुलेचौर लगिने र धार्मिक विधिअनुसार शवयात्रा गरिनेछ। थापाको अन्त्येष्टि शनिबार पोखरा-१६ स्थित याम्दीपुल नजिक सेती नदीको तुलसीघाटमा गरिने कार्यक्रम तय भएको एमाले नेता पार्टीका कास्की सचिव दर्शन लामाले जानकारी दिनुभयो। थापाको निधनप्रति शोक व्यक्त गर्दै पोखरा महानगरपालिकाले एक शोक वक्तव्य जारी गरेको छ। वक्तव्यमा पोखराको विकास र समृद्धिमा थापाले पुऱ्याएको योगदानलाई पोखरेली नागरिकले सधैँ स्मरण गरिरहने उल्लेख गरिएको छ। महानगरले स्व. थापाको सम्मानमा चैत १ गते आइतबार महानगरपालिका कार्यालय तथा मातहतका सम्पूर्ण कार्यालय र शैक्षिक संस्थाहरू (पूर्वनिर्धारित परीक्षा कार्यक्रम बाहेक) बन्द रहने जनाएको छ। पोखराका मेयर धनराज आचार्यले दिवंगत आत्माको बैकुण्ठबासको कामना गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्नुभयो। साथै बिदाका कारण सेवाग्राहीमा पर्न जाने असुविधाप्रति महानगरपालिकाले क्षमायाचना समेत गरेको छ। थापा २०५४ सालमा पोखरा उपमहानगरपालिकाको मेयरमा निर्वाचित भएका हुनु भएको थियो। उहाँ २०७४ सालमा गण्डकी प्रदेशसभा सदस्यको जिम्मेवारी पनि सम्हाल्नु भएको छ। एमाले कास्कीले उनको सम्मानमा फागुन ३० देखि चैत २ गतेसम्म तीन दिन जिल्ला तथा मातहतका कार्यालयहरूमा पार्टीको झण्डा आधा झुकाउने निर्णय गरेको जनाएको छ।

## रासस र गण्डकीको प्रेस रजिष्ट्रारको कार्यालयबीच सहकार्यबारे छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

राष्ट्रिय समाचार समिति (रासस) र प्रेस रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशबीच आपसी सहकार्य र समन्वय अभिवृद्धि गर्ने विषयमा छलफल भएको छ।



राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा र गण्डकी प्रदेशका प्रेस रजिष्ट्रार विमला भण्डारीबीच भएको भेटमा राससले पोखरामा निर्माण गर्ने 'गण्डकी आमसञ्चार विकास तथा अनुसन्धान केन्द्र'का लागि प्रदेश सरकारका तर्फबाट आवश्यक सहयोग उपलब्ध गराउने विषयमा छलफल भएको हो। सो क्रममा अध्यक्ष झाले राससले आफ्नो सेवा विस्तारसँगै प्रदेश सरकार र स्थानीय तहसँग सहकार्यको नीति लिएको बताउनुभयो। उहाँले 'गण्डकी आमसञ्चार विकास तथा अनुसन्धान केन्द्र' निर्माणका लागि पहल अगाडि बढाएको बताउनुभयो। अध्यक्ष झाले उक्त प्रस्तावमा गण्डकी प्रदेश सरकारले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। प्रेस रजिष्ट्रार भण्डारीले प्रदेशस्तरमा रासससँग सहकार्य गर्न आफूहरू तयार रहेको बताउनुभयो। उहाँले प्रेस रजिष्ट्रार कार्यालयका योजना र कार्यक्रमबारे जानकारी गराउनुभएको थियो। सत्यतथ्य, आधिकारिक र विश्वसनीय समाचारमार्फत आमनागरिकलाई सुसूचित गराउँदै आएको मुलुकको एकमात्र समाचार समिति रासससँग प्रदेश सरकारले सहकार्य र समन्वय गर्ने उहाँको भनाइ थियो। पोखरा महानगरपालिका-९ नयाँबजारस्थित राससको गण्डकी प्रदेश कार्यालय रहेको स्थानमा आमसञ्चार विकास तथा अनुसन्धान केन्द्र निर्माण गर्न आर्थिकलगायत आवश्यक सहयोगका लागि प्रदेश सरकारसँग प्रस्ताव अगाडि बढाइएको छ। राससको आफ्नै जमिनमा उक्त केन्द्र निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)समेत तयार भइसकेको छ। करिब तीन रोपनी क्षेत्रफलको सो स्थानमा भूमिगत पार्किङसहितको व्यावसायिक भवन बनाउने राससको योजना छ। 'गण्डकी आमसञ्चार विकास तथा अनुसन्धान केन्द्र' रहने उक्त भवनमा सुविधासम्पन्न कार्यालय, सभाकक्ष, रेडियो, टेलिभिजन स्टुडियो, खाजाघर, भोजनालयलगायतका संरचना बन्ने जनाइएको छ। प्रदेश सरकारसँगको साझेदारीमा बन्ने उक्त केन्द्रमार्फत नागरिकको सूचनाको हक सुनिश्चित गर्न, सङ्घ, प्रदेश र स्थानीय तहका निर्णय सहज रूपमा प्राप्त गर्न, डिजिटल प्रविधिमा आधारित पत्रकारिताको विकास र पत्रकारको दक्षता अभिवृद्धिमा टेवा पुग्ने विश्वास गरिएको छ। प्रदेशस्तरमा डिजिटल साक्षरता र पारदर्शी प्रशासनलाई सुशासन कायम गर्नमा सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ।

## एमाले अध्यक्ष ओलीलाई पितृशोक

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई पितृशोक परेको छ।

पूर्वप्रधानमन्त्री ओलीका पिता मोहनप्रसाद ओलीको ९७ वर्षको उमेरमा शुक्रबार भक्तपुरस्थित नेपाल-कोरियामैत्री अस्पतालमा निधन भएको हो। दिवङ्गत ओलीका दुई छोरा र


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा टेवानद्वारा मेनोपज सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

११६ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारी पर्यटन व्यवसायी महिला संघ( टेवान) पोखराले समाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको सहयोगमा शुक्रबार पोखरामा महिलालाई लक्षित गरी मेनोपज सचेतना तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।



कास्की मोडेल हस्पिटलको प्राविधिक सहयोग रहेको कार्यक्रममा पोखरा महानरपालिका वडा नं ६ बैदामस्थित महिला सञ्जाल अन्तर्गत १८ वटै आमा समूहका प्रतिनिधि लगायत ९० जना पर्यटन व्यवसायी महिलाहरूको सहभागिता थियो।

यस अघि कार्यक्रमको उद्घाटन गर्दै बरिष्ठ स्त्रीरोग विशेषज्ञ प्रा.डा.चण्डिका पण्डितले मेनोपज सचेतना सम्बन्धमा विभिन्न विषय बारे जानकारी गराउनुभयो। टेवान पोखराका अध्यक्ष शोभा न्यौपाने पाण्डेले टेवानले पर्यटन प्रवर्द्धनसँगै क्षमता अभिबृद्धि, स्वास्थ्य सेचतना लगायतका विषयमा समय समयमा विभिन्न किसिमका कार्यक्रम गर्दै आएको बताउनुभयो।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पर्यटन प्रवर्द्धन लगायत सामाजिक उत्तरदायित्वका क्षेत्रमा टेवानले खेल्दै आएको भूमिकाको प्रशंसा गर्नुभयो। टेवानका अध्यक्ष शोभा न्यौपाने पाण्डेको सभापतित्व एवम् महासचिव शोभा अधिकारी पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रमको संयोजक सुधा सुवेदी बराल रहनुभएको थियो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, जनस्वास्थ्यकर्मी जिता बराल, महिला सञ्जाल बैदामका अध्यक्ष बबिता मल्ल लगायतले बोल्नुभएको थियो।

कार्यक्रमका अवसरमा सहभागीको सामान्य स्वास्थ्य परीक्षण सहित सुगर, प्रेसर लगायतको निशुल्क परीक्षणको व्यवस्था मिलाइएको थियो भने टेवान र कास्की मोडल हस्पिटलबीच टेवानका सदस्यले लिन सक्ने सेवा सम्बन्धमा सम्झौतापत्रमा हस्ताक्षर गरिएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आधा सिलिण्डर ग्यास बजार पठाउने निर्णय फिर्ता लिन एलपी ग्यास बिक्रेता संघको माग

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन

खाना पकाउने (एलपी ) ग्यास बिक्रेता संघ कास्कीले ७.१ किलोग्रामको ग्यासमात्र बजारमा पठाउने नेपाल आयल निगमको निर्णय अव्यवहारिक भएकाले सच्याउन माग गरेको छ।

संघले आधामात्र भरिएको ग्यास सिलिण्डर बजारमा पठाउने निर्णय उद्योगी,बितरक र उपभोक्ताको हित प्रतिकूल रहेको जिकिर पनि गरेको छ। एलपी ग्यास बिक्रेता संघ कास्कीका अध्यक्ष नारायणदत्त दाहालद्वारा शुक्रबार जारी विज्ञप्तिमा यो निर्णयले ज्ञास आपूर्तिको चक्र बिथोलिने र कास्की बाहिर रहेका उद्योगहरुले ग्यास नै नपठाउने सम्भावना रहेको पनि औंल्याएको छ । विज्ञप्तिका अनुसार कास्कीमा ग्यास उत्पादन गर्ने दुईवटा कम्पनीमात्र रहेका छन् । ती कम्पनीको उत्पादनलेमात्र बजारको माग पूरा गर्दैन। लागत बढ्दा बाहिरका कम्पनीहरुले आपूर्ति गर्न समस्या उत्पन्न हुन्छ।

विज्ञप्तिमा भनिएको छ, ‘सिलिण्डर आधा भरिएको होस् वा १४.२ किलोग्राम नै किन नहोस्, ढुवानीर लोड-अनलोडमा लाग्ने खर्च उत्ति नै हुन्छ । आधा भरिएको ग्यास बजारमा पठाउँदा कम्पनीको उत्पादन लागत स्वतः बढ्छ । लागत बढ्दा भौगोलिक रुपले टाढा रहेका क्षेत्रमा कम्पनीहरुले ग्यासको आपूर्ति गर्दा थप घाटा व्यहोर्नुपर्छ । लोड-अपलोडमा हुने खर्चको भार हामीजस्ता व्यवसायीको काँधमा आउँछ । घाटाको व्यवसाय गर्नु उद्योगी/व्यवसायीको धर्म हैन र उसले त्यस्तो घाटा धान्न पनि सक्दैन । लागत बढी हुँदा कास्कीकै हकमा जिल्ला बाहिरका २० वटा कम्पनीहरुले एपली ग्यास आपूर्ति गरिदिएनन् भने समस्या भन चर्कन्छ।’ नेपाल आयल निगमले ७.१ किलोग्राम अर्थात् साविकमा उपलब्ध सिलिण्डरको आधामात्रै ग्यास बिक्री गर्ने निर्णयप्रति एलपी ग्यास बिक्रेता संघ कास्कीको गम्भीर ध्यानाकर्षण भएको छ।

एलपी ग्यास बिक्रेता संघ कास्कीले आधा भरिएको सिलिण्डर बजारमा पठाउने निर्णय तत्काल सच्याउँदै पूर्ण तौलको सिलिण्डर बजारमा पठाउन, आपूर्ति प्रणालीलाई चुस्त तुल्याउन र संकटकै बीचमा पनि वैकल्पिक माध्यमबाट देशमा थप इन्धन आपूर्तिको पहलकदमी गर्न सरकारसँग माग पनि गरेको छ।

संघले नेपालले इन्धन संकट व्यहोरेको यो पहिलोपटक नभएको स्मरण गर्दै भण्डारण क्षमता बृद्धिको लागि सरकारको ध्यानाकर्षणमात्र गराएको छैन, उपभोक्तालाई बढी ग्यास भण्डारण नगर्न आग्रह पनि गरेको छ। विज्ञप्तिमा भनिएको छ,‘यो व्यवसायमा संलग्न एलपी ग्यास बिक्रेताहरुलाई अनावश्यक दबाब र मानहानी हुने कार्य नगर्न/नगराउन एवं आवश्यक सुरक्षा प्रदान गर्न थानीय प्रशासनसँग अनुरोधसमेत गर्दछ।’

# मदिरा व्यवसायी समिति कास्कीको भवन शिलान्यास

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन



मदिरा व्यवसायी समिति, कास्कीको भवन शिलान्यास भएको छ। पोखरा महानगरपालिका वडानम्बर १७ मदगौंडामा भवनको शिलान्यास गरिएको हो। मदिरा व्यवसायी महासंघका अध्यक्ष सोनामा शेर्पाले एक कार्यक्रमकाबिच भवनको शिलान्यास गरेका हुन्।

करिब ४ आना क्षेत्रफलमा २ तले भवन निर्माण हुने समितिका प्रथाम उपाध्यक्ष एवं भवन निर्माण समितिका संयोजक राधाकृष्ण देवकोटाले जानकारी दिए। निवर्तमान अध्यक्ष सुर्यराज घिमिरे नेतृत्वको समितिले उक्त जग्गा खरिद गरेको थियो।

भवनको उद्याटन गर्दै महासंघका अध्यक्ष शेर्पाले संस्था संचालनका लागि आफ्नै भवन निर्माण थालेकोमा कास्की शाखालाई धन्यवाद व्यक्त गरे। भवन निर्माण गर्नु कार्यालय संचालन गर्नुमात्र नभएर यसले संस्थालाई जिवन्त बनाराख्ने शेर्पाले बताए। सो अवसरमा अध्यक्ष शेर्पाले भवन निर्माणको लागि महासंघको तर्फबाट २ लाख १ हजार १११ रुपौयाको चेक मदिरा व्यवसायी समिति, कास्कीका अध्यक्ष कृष्णबहादुर भाटलाई हस्तान्तरण गरे। अन्य जिल्ला शाखा र सदस्यहरुले पनि भवन निर्माणमा सहयोग गर्न उनले आग्रह गरे। शिलान्यस कर्याक्रममा महासंघका सचिव यमबहादुर गुरुङले पनि भवन निर्माणमा २५ हजार ९ सय ५० रुपैया बराबरको चेक भाटलाई हस्तान्तरण गरका थिए। मदिरा व्यवसायी समिति, कास्कीका अध्यक्ष भाटले सबैको साभा प्रयास र सपना पूरा हुने दिशातर्फ एउटा महत्वपूर्ण कदम भएको बताए। भवन निर्माणको शिलान्यास हुनु केवल एउटा निर्माण कार्य मात्र होइन, यो कास्कीका सम्पूर्ण मदिरा व्यवसायीहरूको एकता, विश्वास र भविष्यको प्रतीक पनि, भाटले भने। यो भवन बैठक, छलफल, योजना निर्माण र व्यवसायीहरूको साभा घर बन्नेछ भन्ने विश्वास लिएको छु। जग्गा खरिददेखी शिलान्याससँसम्म ल्याउन सहयोग गर्नुहुने सम्पूर्ण अग्रज, सल्लाहकार, सदस्य तथा सहयोगीहातहरू प्रति अध्यक्ष भाटले आभार व्यक्त गर्दैं भवन निर्माण कार्यलाई सफल बनाउन सबै व्यवसायीको सहयोग, साथ र एकता आवश्यक रहेको छ।

शिलान्यास कार्यक्रममा समितिका पूर्व अध्यक्ष एवं महासंघका सल्लाहकार तारानाथ ढुङ्गाना, महासंघका महासचिव गोबिन्द बराल र सचिव यमबहादुर गुरुङ, मदिरा व्यवसायी समिति गण्डकीका अध्यक्ष गोबिन्द बहादुर केसी, समितिका पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो।

# पोखरामा उद्यम क्लिनिक सुरु

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन




व्यवसायीका समस्यको उपचार खोज्ने उद्देश्यले पोखरामा उद्यम क्लिनिक संचालनमा आएको छ। पोखरा महानगरपालिकाअन्तर्गत रहेको व्यवसाय प्रवर्द्धन केन्द्रले नेपालमै पहिलोपटक यस्तो क्लिनिक संचालनमा ल्याएको हो।

पोखरा उद्योग वाणिज्य संघको आयोजनामा शुक्रबार क्लिनिकमार्फत् व्यवसायीहरुका समस्या समाधानको पहलको थालनीसमेत भएको अध्यक्ष गोकर्ण कार्कीले जानकारी दिए। संघका अध्यक्ष कार्कीका अनुसार व्यवसायीका समस्या समाधानका निम्ति पोखरा रिसर्च सेण्टरसँग पनि सहकार्य भएको छ। पोखरा रिसर्च सेण्टरमा आवद्ध विज्ञहरुले व्यवसायीका समस्या सुन्नेमात्र हैन, त्यसको समाधानका निम्ति व्यवहारिक, कानूनी, व्यवस्थापकीयलगायतका सल्लाह दिने छन् । आवश्यक परेको खण्डमा पूँजीका निम्ति पहलकदमी पनि लिइने छ । ‘समस्याको निदान गर्ने र नयाँ सम्भावनाको खोजी गर्ने उद्देश्यले सुरु गरिएको यो क्लिनिक व्यवसायीको हितमा समर्पित छ,’पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष कार्कीले भने,‘म व्यवसायीहरुलाई आफ्ना समस्या निर्धक्क सुनाउन,सहयोग लिन र आफ्नो व्यवसाय सफल बनाउन आग्रह गर्दछु।’ संघकी महासचिव शोभा गौतमका अनुसार सुरुको क्लिनिकमा ३ जना व्यवसायीहरुले लिखित रुपले नै आफ्ना समस्या राखेका थिए भने भण्डै एक दर्जन व्यवसायीहरुले मौखिक रुपमा आफ्ना समस्या सुनाएका थिए। व्यसायीका समस्याको विभिन्न पक्षबारे पोखरा रिसर्च सेण्टरका कार्यकारी निर्देश सुजन रेग्मी, अनुसन्धानकर्ता श्रीकृष्णध्वज बस्नेनसहितको टिकले अध्ययन गर्नेछ। पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा ती समस्याको निदान खोजिने छ।

कार्यक्रममा बोल्दै व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारीले उद्यमशिलता विकासका निम्ति सहकार्य जरुरी भएको धारणा राखे।

# अध्यक्ष भाद्वारा रासस गण्डकी प्रदेश कार्यालयको निरीक्षण

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन



राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र भाले कास्कीको पोखरास्थित रासस गण्डकी प्रदेश कार्यालयको निरीक्षण गर्नुभएको छ।

प्रदेश कार्यालय निरीक्षणसँगै उहाँले राससको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने विषयमा आवश्यक सुझाव तथा निर्देशन दिनुभयो। सो अवसरमा गण्डकी प्रदेश कार्यालयको भवन निर्माण, सटर भाडाको ‘टेण्डर’ प्रक्रिया, गण्डकी प्रदेशका समाचार सम्प्रेषणको प्राथमिकता, प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्यलगायत विषयमा छलफल भएको थियो। राससकर्मीसँगको छलफलमा अध्यक्ष भाले परिवर्तित राजनीतिक अवस्थामा राससलाई विगतको जस्तै सरकारको सहयोगी संस्थाका रूपमा विकसित गरिने बताउनुभयो । रासस गण्डकी प्रदेश कार्यालयका प्रमुख वासुदेव पौडेलले प्रदेश कार्यालयका गतिविधि र काम कारबाहीबारे अध्यक्ष भालाई जानकारी गराउनुभएको थियो।

त्यस क्रममा पोखरा महानगरपालिका-९ नयाँबजार स्थित प्रदेश कार्यालय रहेको जग्गामा ‘गण्डकी आमसञ्चार विकास तथा अनुसन्धान केन्द्र’ निर्माण गर्ने राससको सोच र योजनाका विषयमा महत्वपूर्ण छलफल भएको थियो।

# दुईदिने खेलकुद पत्रकारिता तालिम सुरु

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन

खेल पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले दुईदिने खेलकुद पत्रकारिता तालिम शुक्रबारदेखि पोखरामा सुरु भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी को आयोजना र प्रेस रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशको सहयोगमा सञ्चालन भएको तालिमको उद्धाटन गण्डकी प्रदेशकी प्रेस रजिष्ट्रार विमला भण्डारीले गर्नुभयो।

उद्धाटन समारोहमा बोल्दै रजिष्ट्रार भण्डारीले खेलकुद पत्रकारिता तालिमले गण्डकी प्रदेशमा भइरहेका खेल गतिविधि र समग्र खेलकुद विकासमा महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो । उहाँले यस्तो तालिमले खेलकुदसँगै खेल पर्यटन प्रवर्द्धनमा पनि सहयोग पुग्ने धारणा राख्नुभया।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले खेलकुद पत्रकारिता तालिमले खेल समाचारको लेखन शैली सुधार गर्न सहयोग पुग्ने बताउनुभयो। मञ्चका अध्यक्ष मान बहादुर घर्ति मगरले पछिल्लो समय पोखरा खेलकुदको केन्द्रका रूपमा विकास हुँदै गएको उल्लेख गर्दै खेलकुदसम्बन्धी समाचार लेखनलाई सशक्त बनाउन तालिम आयोजना गरिएको बताउनुभयो।

शनिवार सम्म सञ्चालन हुने तालिममा भलिबल, क्रिकेट, मार्सलआर्ट, गल्फ र फुटबल विषयमा प्रशिक्षण दिइनेछ । पहिलो दिन शुक्रबार तालिममा भलिबलमा प्रशिक्षक राजन पौडेल, क्रिकेटमा दुर्गानाथ सुबेदी र गल्फमा जीवा गुरुङ ले प्रशिक्षण दिनुभएको थियो।

मञ्चका उपाध्यक्ष राजाराम पौडेलको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रम मञ्चका महासचिव परशुराम शर्माले सञ्चालन गर्नुभएको थियो । तालिममा कास्की जिल्लाका विभिन्न सञ्चार माध्यममा कार्यरत ६५ जना पत्रकार सहभागी छन। तालिमको दोस्रो दिन मार्सलआर्टका प्रशिक्षक शुभाष खड्का, फुटबलमा हिमेश बज्राचार्य र क्रिकेट तर्फ पोखरा रंगशालाको मैदानमा प्रत्यक्ष अभ्याससहित प्रशिक्षण दिइने आयोजकले जनाएको छ।


## तनाव व्यवस्थापनका तरिका

◆नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।

◆परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।

◆पर्याप्त निन्द्रा र आराम गरौं।

◆स्वस्थ र सन्तुलित खाना खाने गरौं।

◆आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।

◆काम र विश्रामवीचको सन्तुलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# एमाले ...

तीन छोरी हुनुहुन्छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीका पिता मोहनप्रसाद ओलीको शुक्रबार नै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । पिता ओलीको पार्थिव शरीरमा ज्येष्ठ पुत्र अध्यक्ष ओलीले दागबत्ती दिनुभयो।

दिवङ्गत पिता ओलीप्रति श्रद्धाञ्जलि दिन आर्यघाटमा नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेता अर्जुननरसिंह केसी, नेपाली कम्युनिष्ट पार्टीका नेता एवं पूर्वप्रधानमन्त्री भलनाथ खनाल, नेता नारायणकाजी श्रेष्ठ, पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठ, राष्ट्रपति रामचन्द्र पौडेलका छोरी अवज्ञा पौडेल, एमालेका उपाध्यक्षहरू विष्णुप्रसाद पौडेल, पृथ्वीसुब्बा गुरुङ र गोकर्णराज विष्ट, महासचिव शङ्कर पोखरेल, पूर्व सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल, नेकपा (माले) का महासचिव सिपी मैनाली, नेकपा (संयुक्त) का नेता घनश्याम भुसाल, एमालेका विभिन्न नेता कार्यकर्ताको उपस्थिति रहेको थियो।

# ढोरपाटनमा थप दुई जनामा दादुरा सङ्क्रमण पुष्टि

पोखरापत्र संवाददाता
बागलुङ, २९ फागुन

बागलुङको ढोरपाटन नगरपालिकामा थप दुई जनामा दादुरा सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको परीक्षणमा थप दुई जनामा दादुरा सङ्क्रमण पुष्टि भएको जानकारी दिनुभयो । यसअघि उक्त नगरपालिकाको वडा नं ७, ८ र ९ का पाँच जना दादुरा सङ्क्रमित पुष्टि भएको थियो । भारतबाट आएका एक जना दादुरा सङ्क्रमितले ढोरपाटनमा दादुरा सङ्क्रमण फैलाएका थिए। प्रमुख गौतमले दादुरा सङ्क्रमित सबैको बुर्तिवाङ अस्पताल र बोबाङ स्वास्थ्यचौकीमा उपचार भइरहेको जानकारी दिनुभयो। दादुरा सङ्क्रमण देखिएको ठाउँबाट फैलिन नदिनेका लागि रोकथाम तथा नियन्त्रणको प्रयास गरिएको उहाँले बताउनुभयो । हाल नगरपालिकामा ८३ शङ्कास्पद बिरामी छन् । २१ नमूना परीक्षणका लागि टेकुस्थित जनस्वास्थ्य प्रयोगशालामा पठाइएको छ । दादुरा सङ्क्रमितको समुदायमा खोजी भइरहेको र उपचार तथा निगरानीसमेत भइरहेको जनाइएको छ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# चैतमा लायन्स अन्तर्राष्ट्रिय डिस्ट्रिक्ट ३२५ जे को कन्भेन्सन

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

लायन्स अन्तर्राष्ट्रिय डिस्ट्रिक्ट ३२५ जे नेपाल को चौथो डिस्ट्रिक कन्भेन्सनको तयारी शुरु भएको छ ।

लायन्स क्लब अफ पोखरा अन्नपूर्णको आयोजनामा पोखरास्थित पोखरा इभेन्ट सेन्टरमा यही चैत्र २१ गते शनिबार आयोजना हुने कार्यक्रमका कार्यक्रम संयोजक तथा कन्भेनर सूर्य बराल जानकारी दिनुभयो ।

अधिवेशनलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न ४१ वटा उपसमिति गठन गरिएको छ। गण्डकी प्रदेशका विभिन्न लायन्स तथा लियो क्लबका प्रतिनिधि र सदस्यहरूको व्यापक सहभागितासहित कार्यक्रम सम्पन्न गर्ने तयारी भइरहेको आयोजकले जनाएको छ । अधिवेशनको तयारीका क्रममा हालै सबै समितिका संयोजकहरूको बैठक आयोजना गरिएको थियो। उक्त बैठकमा पूर्व डिस्ट्रिक गभर्नर ध्रुब श्रेष्ठ ले विभिन्न समितिका संयोजकहरूलाई आफ्नो जिम्मेवारी, समन्वय र व्यवस्थापनका विषयमा विस्तृत जानकारी तथा निर्देशन दिनुभएको थियो । उक्त अधिवेशनका लागि गठन गरिएका उपसमितिका संयोजकहरूमा रुद्र बहादुर घले (वित्तीय व्यवस्थापन), पुजन



राजभण्डारी शाक्य (पुरस्कार व्यवस्थापन), अर्चना प्रधान (सचिवालय व्यवस्थापन), बिमला श्रेष्ठ (स्मारिका प्रकाशन), शारदा पराजुली (दर्ता व्यवस्थापन), सञ्जय मल्ल (मिडिया), इन्दिरा बराल (होटल व्यवस्थापन) र महेश श्रेष्ठ (खाना व्यवस्थापन) रहनुभएको छ ।

त्यसैगरी निर्मला श्रेष्ठ (मन्च तथा सम्मान), सबी शेरचन (स्वागत तथा आतिथ्य व्यवस्थापन), बालकृष्ण बराल (बगैंचा तथा फूलद्वार व्यवस्थापन), बालकृष्ण शर्मा (क्लब व्यवस्थापन), सिता केसी (सभा कक्ष व्यवस्थापन), चिनु गुरुङ (समूह व्यवस्थापन), अर्चना कर्माचार्य (लायन्स अन्तर्राष्ट्रिय समन्वय) र राजु श्रेष्ठ (झाँकी तथा परेड व्यवस्थापन) संयोजक रहनुभएको छ । यसैगरी दिपेन्द्र कोइराला (सवारी साधन सजावट), शिव श्रेष्ठ (यातायात व्यवस्थापन), फणीन्द्र प्रसाद लामिछाने (सवारी पार्किङ व्यवस्थापन), कृष्ण बहादुर अधिकारी (पूर्व गभर्नर व्यवस्थापन), दुर्गा प्रसाद पौडेल (भिडियो तथा फोटोग्राफी व्यवस्थापन), सुदिप ओझा (प्रचार-प्रसार व्यवस्थापन), सोनाम साङ्पो (मुख्य अतिथि व्यवस्थापन) र तुम्ला श्रेष्ठ (मूल्याङ्कन व्यवस्थापन) संयोजक रहनुभएको छ । त्यस्तै मोहन बाबु खड्का (संस्कृति तथा मनोरञ्जन व्यवस्थापन), शोभा गौतम (सामाजिक कार्यक्रम व्यवस्थापन), राजेन्द्र बहादुर कार्की (प्रदर्शनी स्टल व्यवस्थापन), उषा गौतम (स्वास्थ्य व्यवस्थापन), कोकी मल्ल (कार्यक्रम उद्घाटन व्यवस्थापन), मिता कायस्थ (बस्ने स्थान व्यवस्थापन), बलराम बादल (पिउने पानी व्यवस्थापन) र कल्पना थापा (दर्ता व्यवस्थापन) संयोजक रहनुभएको छ । यसैगरी विष्णु तिमिल्सिना (विद्युत व्यवस्थापन), घनश्याम ढुंगाना (संगीत व्यवस्थापन), परमेश्वर बस्ताकोटी (सरसफाइ तथा स्वच्छता व्यवस्थापन), कृष्ण परियार (लियो दर्ता), सहनशील पौडेल (लियो सभा कक्ष व्यवस्थापन), आशिष थापा (लियो स्वागत तथा आतिथ्य), धन बहादुर थापा (लियो खाना व्यवस्थापन), केनुका थापा (लायन-लियो निर्वाचन व्यवस्थापन) तथा दुर्गा जोजिजु (लियो व्यवस्थापन) संयोजक रहनुभएको छ । कार्यक्रमका कन्भेनर सूर्य बरालले अधिवेशनको तयारी शुरु भएको जानकारी दिँदै गण्डकी प्रदेशका लायन्स तथा लियो सदस्यहरूको उल्लेखनीय सहभागितासहित कार्यक्रमलाई भव्य र सफल बनाउने तयारी भइरहेको बताउनुभयो । पूर्व डिस्ट्रिक गभर्नर ध्रुब श्रेष्ठले संयोजकहरूको बैठकमा सबै समितिले आपसी समन्वय, जिम्मेवारी र सक्रियताका साथ काम गरे अधिवेशन सफल हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले लायन्सको सेवा, नेतृत्व र सहकार्यको भावनालाई अझ सुदृढ बनाउन यस्ता अधिवेशन महत्वपूर्ण हुने बताउनुभयो । उक्त अधिवेशनमा गण्डकी प्रदेशका विभिन्न लायन्स तथा लियो क्लबका प्रतिनिधि, पदाधिकारी तथा सदस्यहरूको उल्लेखनीय सहभागिता रहने आयोजकले जनाएको छ ।

# हिल प्वाईन्टमा पठन संस्कृति, विद्यार्थीले सिर्जना गरे साहित्यीक रचना

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

आफैले रचना गरेका सिर्जना आफ्नै अभिभावकलाई सुनाउन पाउँदा पोखराको हिल प्वाईन्ट स्कुलका विद्यार्थी मख्ख परेका छन् ।

पोखरा १२ माटेपानीमा रहेको हिल प्वाईन्ट स्कुलले विद्यार्थीको फरक क्षमता विकास गर्ने उद्धेश्यले संचालन गरेको पठन संस्कृति अभियान मार्फत विद्यार्थीले साहित्यका बिभिन्न विधाको लेखन प्रशिक्षण लिएका थिए। सोही प्रशिक्षणमा सहभागी कक्षा ४ र ५ का विद्यार्थीले रचना गरेका सिर्जना शुक्रबार विद्यालयमा आयोजित ज्ञान सिर्जना उत्सव कार्यक्रममा प्रस्तुत गरिएको छ। विद्यालयका उत्कृष्ट विद्यार्थी प्रत्युस अधिकारीलाई नै सभाध्यक्ष बनाएर गरिएको कार्यक्रममा रोबोटिक्स कक्षामा सहभागि ३७ जना विद्यार्थीले आफुले रचना गरेका कथा, कविता, निबन्ध लगायतका साहित्यीक सिर्जना प्रस्तुत गरेका हुन्। अभिभावक अभिमुखीकरण कार्यक्रममा प्रशिक्षक रवि किरणले वालवालिकाको



अध्ययनशीलता र सीप विकासका लागि अभिभावकको भुमिकाको विषयमा प्रशिक्षण दिएको नेपाली विभाग प्रमुख भावना लामिछानेले जानकारी दिईन् । त्यस्तै विद्यालयले पठन पाठनका अलावा संचालन गरेको राबोटिक्स शिक्षाका विषयमा आईएनजि स्कील एकेडेमीका प्रतिनिधी रसिला श्रेष्ठले जानकारी दिएकी थिईन् ।

सोही अवसरमा युकेजीका ३० जना विद्यार्थी पनि दिक्षित भएका छन् । उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथी पोखरा १२ का वडाध्यक्ष सन्तोष बास्तोला र विद्यालयका संस्थापक प्राचार्य दिवाकर जैंसीले दिक्षित गरे । यसअघि कार्यक्रमको उद्घाटन गर्दै वडाध्यक्ष बास्तोलाले विद्याथीको शैक्षिक तथा मानसिक विकासका लागि पढाईका अलावा अन्य क्रियाकलाप पनि महत्वपुर्ण हुने बताए । विद्यालयका संस्थापक प्राचार्य दिवाकर जैंसीले विद्यार्थीको शैक्षिक विकासका लागि विद्यालय प्रतिबद्ध रहेको बताउँदै, हेटौंडा एनोभेसन सेण्टरको सहकार्यमा विद्यार्थी केन्द्रित विभिन्न क्रियाकलाप संचालन गरेको बताए । अभिभावक संगीता भट्टराईले विद्यालयले गरेको शैक्षिक उन्नयनप्रति खुशी व्यक्त गरिन् । शिक्षक शोभा बरालले स्वागत गरेको कार्यक्रमको संचालन नेपाली विभाग प्रमुख भावना लामिछानेले गरेकी थिईन् । कार्यक्रममा विद्यार्थीले गणित शिक्षाका प्राविधिक ज्ञानका विविध स्टल राखेका थिए ।

# 'वायु प्रदूषणले नेपालमा बर्सेनि ४२ हजार मानिसको मृत्यु हुने गरेको छ'

**रासस**
काठमाडौं, २९ फागुन

वायु प्रदूषणका कारण नेपालमा बर्सेनि करिब ४२ हजार मानिसको मृत्यु हुने गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले तीमध्ये २१ प्रतिशत मृत्यु पाँच वर्षमुनिका बालबालिका रहने गरेका बताउनुभयो ।

वायु प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी दम, मुटुरोग तथा हृदयघात, मस्तिष्कघात, उच्च रक्तचाप, मधुमेह, क्यान्सर र स्मरणशक्ति कमजोर हुने समस्या देखिने गरेको उहाँले बताउनुभयो । प्रदूषणका कारण बालबालिकालाई श्वासप्रश्वाससम्बन्धी समस्या देखिनु, मुटुसम्बन्धी रोग हुने सम्भावना बढ्नु, शिशु बिरामीदर बढ्नु, बाल्यकालमा क्यान्सरको जोखिम हुनु, मस्तिष्क विकासमा ढिलाइ र असामान्य व्यवहार देखिनु, कुपोषणको देखिनु जस्ता समस्या पनि देखिने गरेका विज्ञहरूले बताउने गरेका छन् । यस्तै, कम तौलको बच्चा जन्मिनु, रक्तअल्पता हुनु, बाँझोपन हुनु, गर्भकालीन मधुमेह हुनु, मानसिक स्वास्थ्य समस्या देखिनु जस्ता समस्या आउने गरेका छन् ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को मापदण्डभन्दा नेपालमा वायु प्रदूषण आठ गुणा बढी देखिएको मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो । नेपालमा बिहीबार वायु गुणस्तर सूचक १८५ सम्म देखिएको उहाँले बताउनुभयो । डब्लुएचओको मापदण्डअनुसार स्वास्थ्यका लागि हानिकारक मानिने सूक्ष्म कणको वार्षिक औसत मात्रा प्रतिघनमिटर पाँच माइक्रोग्रामभन्दा बढी हुनुहुँदैन । सूक्ष्म कण त्योभन्दा कम भएमा हावामा तैरने सक्ने र जसले स्वासप्रश्वास प्रक्रियामा फोक्सोसम्म पुग्ने गरेको डा बुढाथोकीलेबताउनुभयो।नेपालमा डब्लुएचओको मापदण्डभन्दा बढी नै प्रदूषण भएको उहाँले बताउनुभयो ।

वायु गुणस्तर सूचक ० देखि ५० सम्म स्वस्थ, ५१ देखि १०० सचेत, १०१ देखि १५१ सम्म जोखिम समूह (ज्येष्ठ नागरिक, दीर्घरोग र बालबालिका) का लागि हानिकारक मानिन्छ । वायु गुणस्तर सूचक १५१ भन्दामाथि भएमा अस्वस्थ्य मानिने गरिएको छ । यसलाई डब्लुएचओको मापदण्डभित्र पुर्याउन सके हरेक वर्ष नेपालीको आयु तीन दशमलव तीन वर्षले बढ्ने अनुमान गरिएको छ। वायु प्रदूषणकै कारणले वार्षिक ७९ लाख मानिसको मृत्यु हुने गरेको र तीमध्ये ९० प्रतिशत कम र मध्यम आय भएका देशका नागरिक पर्दछन् ।

वायु प्रदूषण सवारीसाधनबाट निस्केको धुँवा, औद्योगिक उत्सर्जन, खुला रूपमा फोहर तथा जैविक पदार्थ जलाउँदा निस्कने धुँवा, सडक र निर्माण कार्यको धुलो, वन डढेलो र किटनाशक र विषादीको प्रयोगलगायतबाट हुने गरेको छ ।

# कोरलानाका जोड्ने (कोवाङ-जोमसोम) सडक फेरि अलपत्र

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २९ फागुन

यहाँस्थित उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडकअन्तर्गतमुस्ताङकोथासाङ गाउँपालिका-२ कोवाङदेखि घरपझोङ-४ जोमसोम जोड्ने १७ किलोमिटर कालोपत्र सडक स्तरोन्नति कार्य पुनः अलपत्र परेको छ ।

कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक आयोजनाअन्तर्गत सुरु गरिएको (बेनी-जोमसोम) ७४ किलोमिटरसडकको चौथोखण्ड निर्माण कम्पनीको पटकपटकको ढिलासुस्ती र बेवास्ताका कारण सडक स्तरोन्नतिको काम अलपत्र पर्दै आइरहेको हो ।

बेनी–जोमसोम सडकअन्तर्गत दोस्रो र तेस्रो खण्ड निर्माण सम्पन्न भइसकेर आयोजनालाई हस्तान्तरण भइसकेको छ । तर यहाँको कोरलानाका जोड्ने कोवाङ-जोमसोम सडकको ८५ प्रतिशत भौतिक प्रगति भइसक्दा निर्माण कम्पनीले सडक स्तरोन्नति काम अलपत्र पारेको आयोजनाले जनाएको छ। त्रिदेशीय व्यापारिक मार्गका रूपमा विस्तार गर्ने उद्देश्यले तत्कालीन सरकारले नेपाल-चीन कोरलानाका जोड्ने बेनी-जोमसोम-कोरला सडक आव २०७३/७४ देखि सुरु गरेको थियो । सोहीअनुसार कोवाङ-जोमसोम १७ किमी चौथो खण्ड रु ७० करोड लागतमा आयोजनासँग ठेक्का सम्झौता भई काम अघि बढाइएको थियो ।

यहाँस्थित निर्माणाधीन कोवाङ-जोमसोम अस्फाल्ट कालोपत्र सडक स्तरोन्नतिका लागिपप्पुगौरीपार्वती,कोशीएन्ड न्यौपाने जेभीले ठेक्का सम्झौता गरेको थियो । नालीसहित ११ मिटर चौडा सडकमा कालोपत्र गर्ने भनिए पनि ठेक्का सम्झौता भएको आठ वर्ष बितिसक्दासमेत निर्माण कम्पनीले स्तरोन्नति काम सम्पन्न गर्न सकेको छैन ।

ठेक्का सम्झौता हुँदाको सुरुआती अवस्थामा जोइन पार्टनर कोशी एन्ड न्यौपानेले कोवाङ-जोमसोम सडक निर्माणको जिम्मा लिएको भए पनि उसले कामलाई गति दिन नसकेपछि जेभीको जोइन मुख्य पार्टनर पप्पु गौरी पार्वती सडक निर्माण सम्पन्न गर्न काममा फर्किएको थियो ।

कोवाङ-जोमसोम सडक स्तरोन्नतिका लागि ठेक्का सम्झौता भएदेखि हालसम्म खन्ती-टुकुचेस्थित थापाखोलासम्म, टुकुचे सिरान टोलीदेखि मार्फासम्म सडक स्तरोन्नति तथा कालोपत्र कार्य सकिएको आयोजनाले जनाएको छ । त्यसैगरी, मुस्ताङको स्याङगाउँ पुछारदेखि पुथाङ एयरपोर्टसम्म कालोपत्र तथा पिसीसी ढलानसहितको काम सकिएको छ ।

जोमसोम प्रादेशिक अस्पतालदेखि जोमसोम पक्की पुलसम्मको करिब १५ किलोमिटर सडक कालोपत्र विस्तारकार्य सम्पन्न भइसकेको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार थासाङको टुकुचे गाउँभित्रको सडक, मार्फा पुलदेखि स्याङ पुछारसम्म र जोमसोम बजारको नेपाली सेनाको ब्यारेक अगाडिको सडक गरी करिब दुई किलोमिटर सडक निर्माणाधीन अवस्थामा रहेको भए पनि काम अघि बढ्न सकेको छैन। निर्माणाधीन सडकअन्तर्गत जोमसोमस्थित नेपाली सेनाको ब्यारेक अगाडि कालोपत्रका लागि फिलिङ गर्न माटो थुपारिएकाले सवारी आवागमनमा समस्या परेको छ। त्यसैगरी कालोपत्र ढिलाइ हुँदा त्यहाँस्थित सेनालाई धुवाँधुलोले पनि असर पुर्‍याएको देखिन्छ । यसअघि कोरलानाका जोड्ने (कोवाङ-जोमसोम) सडक निर्माण वैशाखभित्र सम्पन्न गर्न स्थानीय प्रशासनले निर्माण कम्पनीलाई निर्देशन दिएको थियो । तर, प्रशासनको उक्त निर्देशनलाई बेवास्ता गर्दै निर्माण कम्पनीले सडक निर्माणको काम अलपत्र पारेको हो । कोवाङ-जोमसोम सडकको निर्माण कम्पनीले गत कात्तिकदेखि कुल ठेक्का सम्झौताको (०.०५) प्रतिशत हुनेगरी दैनिक हर्जाना लाग्नेगरी जरिवाना रकम तोकिएको आयोजना प्रमुख शर्माले जानकारी दिनुभयो ।

यहाँको (कोवाङ-जोमसोम) खण्डको सातौँपटक म्याद थप भइसकेको र जरिवाना रकमको अवधि २०० दिने रहने उहाँले बताउनुभयो । "चैत महिनासम्म अन्तिम 'डेटलाइन' छ, त्यो अवधिसम्म जरिवाना रकम बुझाएर सडकको अधुरो काम सुरु गर्नुपर्ने हुन्छ, आयोजना प्रमुख शर्माले भन्नुभयो, "यदि त्यसो हुन नसकेमा निर्माण कम्पनीसँगको ठेक्का सम्झौता भङ्ग हुन्छ र नयाँ ठेक्का प्रक्रियामा जानेछ ।"

निर्माण कम्पनीको चरम ढिलासुस्तीले अलपत्र परेको (कोवाङ-जोमसोम) सडकलाई छिटोभन्दा छिटो सम्पन्न गर्न आयोजनाले ठेक्का सहमति तोडेर नयाँ ठेक्का खुलाउन विभागसँग सहमति माग भए पनि सहमति प्राप्त नभएको आयोजना प्रमुख शर्माको भनाइ छ ।

दैनिक हर्जाना तोकिएको कोवाङ-जोमसोम अलपत्र सडकको सरकारले सार्वजनिक खरिद ऐन संशोधन नल्याएमा निर्माण कम्पनीले ठेक्का सम्झौता लागत १० प्रतिशत जरिवाना आयोजनालाई बुझाउनुपर्ने आयोजना प्रमुख शर्माले बताउनुभयो । निर्माणाधीन अलपत्र कोवाङ-जोमसोम सडक निर्माणमा प्रयोग भएका उपकरण थन्क्याएको अवस्थामा छ । सडक निर्माणकार्यका लागि खटिएका जनशक्ति काममा फर्किएका छैनन् ।

# कृषि बजारको भवन निर्माण थालियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ फागुन

बेनी नगरपालिकाले कालिपुलमा कृषि बजार सञ्चालनका लागि भवन निर्माण थालेको छ ।

सङ्घीय सरकारको कृषि तथा पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रमअन्तर्गत विशेष अनुदानमा म्याग्दीको प्रवेशद्धारामा पर्ने बेनी नगरपालिका-८ कालीपुल बसपार्क क्षेत्रमा भवन बनाउन थालेको हो । गत माघ महिनामा लिमिसा कन्ट्रक्सन एण्ड सप्लायर्सले रु ४२ लाख ४५ हजार ४५५ मा ठेक्का सम्झौता गरेको थियो । आगामी असार महिनासम्म ठेक्काको म्याद रहेको छ । निर्माण कम्पनीले यसै हप्तादेखि कार्यक्षेत्रमा परिचालन भएको छ । यस वर्षको बजेटबाट कृषि उपज भण्डारण र बिक्री वितरणका लागि भुई तलामा चार वटा कोठा र शौचालय तयार पार्नुका साथै पहिलो तला ढलान मात्र गरिने बेनी नगरपालिका-८ का वडाध्यक्ष उत्तमकुमार कर्माचार्यले जानकारी दिनुभयो ।

यसअघि आर्थिक वर्ष २०८०/८१ मा विनियोजन भएको रु ३० लाख २५ हजार बजेटबाट भवनको जग र आर्थिक वर्ष २०८१/८२ मा रु २६ लाख ५० हजारमा डिपिसी गर्नुका साथै पिल्लर ठडाइएको थियो । एक हजार ४० वर्गफिट क्षेत्रफल जमिनमा निर्माण हुने तीनतले भवनको भवनको माथिल्लो तलामा तरकारी पसलका लागि आठ वटा सटर बनाउने लक्ष्य छ । रु तीन करोड लागत अनुमान गरिएको भवन निर्माणलाई क्रमागत योजनाको रूपमा सञ्चालन गरिएको छ ।

भुई तला व्यवसायिक प्रयोजनका लागि भाडामा लगाउने र बिचको तलामा मासु पसल राख्ने योजना अघि सारिएको वडाध्यक्ष कर्माचार्यले बताउनुभयो । बेनीका सबै तरकारी र मासु पसललाई एकै ठाउँबाट सञ्चालन गर्ने लक्ष्यसहित कृषि बजारको भवन बनाउन लागिएको हो ।

एकै ठाउँमा सबै तरकारी र मासु पसल सञ्चालन गर्दा प्रतिस्पर्धा हुने, कृषकले उत्पादन गरेको उपज बजारीकरणमा सहयोग पुग्ने र उपभोक्ताले एकै ठाउँमा स्वच्छ तरकारी खरिद गर्न पाउँदा सुविधा पुग्ने बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो । कृषि उपज बेच्न कृषक र खरिद गर्न उपभोक्ता बजार भौतारिता हुने समयको बचत हुने उहाँले बताउनुभयो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : कार्यमा सफलता |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# समुदायबाट सिक्दै, समुदायलाई सेवा गर्दै : पोखरा आदर्शका विद्यार्थी सडक अभियानमा

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन



पोखरा-१, बगरस्थित पोखरा आदर्श माध्यमिक विद्यालयका कक्षा ११ व्यवस्थापन संकायका विद्यार्थीहरूले शुक्रबार "समुदायबाट सिक्दै, समुदायलाई सेवा गर्दै" कार्यक्रमअन्तर्गत सचेतना अभियान सञ्चालन गरेका छन् । समाजलाई नजिकबाट बुझ्ने उद्देश्यसहित आयोजित कार्यक्रममा विद्यार्थीहरूले बगरको मुख्य सडकमा पैदल हिँड्दै विभिन्न सामाजिक विषयमा तयार पारिएका सचेतनामूलक पम्पलेटहरू प्रदर्शन तथा वितरण गरेका थिए ।

विद्यार्थीहरूले वातावरण संरक्षण, फोहोर व्यवस्थापन, सडक सुरक्षा, लागूऔषध दुर्व्यसनविरुद्ध चेतना, सामाजिक विकृति, डिजिटल लत, मानसिक स्वास्थ्य सचेतना, लैङ्गिक समानता, उपभोक्ता अधिकार, वित्तीय साक्षरता तथा स्वस्थ जीवनशैली जस्ता विविध विषयमा पम्पलेट तयार गरी सर्वसाधारणलाई जानकारी गराएका थिए । विद्यालयका निर्देशक नारायण न्यौपानेले शिक्षा कक्षाकोठाभित्र मात्र सीमित नहुने बताउँदै समाजका समस्या, चुनौती र यथार्थलाई पनि विद्यार्थीहरूले बुझ्नुपर्ने आवश्यकता रहेको उल्लेख गरे। उनले भने, "यो परियोजनाले विद्यार्थीहरूलाई सामाजिक मुद्दाहरूको खोजी गर्न र जनतामाझ सचेतना फैलाउन प्रेरित गर्छ। आगामी दिनमा हरेक शुक्रबार 'कक्षाकोठा, पुस्तक र शिक्षकभन्दा बाहिरको सिकाइ'का रूपमा यस्ता कार्यक्रम सञ्चालन गर्ने योजना बनाएका छौं ।" विद्यालयका उप-प्रधानाध्यापक ज्ञानेश्वर सुवेदीका अनुसार यस कार्यक्रमका मुख्य उद्देश्यहरू विद्यार्थीहरूमा सामाजिक सचेतना विकास गर्नु, सञ्चार तथा सहकार्य सीप अभिवृद्धि गर्नु, सिर्जनात्मक सोच र समस्या समाधान क्षमतालाई प्रोत्साहन गर्नु, कक्षाकोठाको ज्ञानलाई वास्तविक जीवनसँग जोड्नु तथा सामाजिक मुद्दाप्रति जनताको धारणा बुझ्नुआदि रहेका छन् ।

व्यवस्थापन संकाय प्रमुख कुशल तिमिल्सिनाले विद्यार्थीहरूलाई आफूले तयार पारेका पम्पलेट तथा रुचिअनुसारका विषयमा प्रतिवेदन तयार गर्न निर्देशन दिएका छन्। उनले यस परियोजना पूरा गरेपछि विद्यार्थीहरूले वास्तविक सामाजिक समस्याहरू बुझ्ने, सर्वसाधारणसँग प्रभावकारी संवाद गर्न सक्ने, टोलीमा सहकार्य गर्ने, आत्मविश्वास र नेतृत्व क्षमता विकास गर्ने तथा व्यवस्थापन सीपलाई व्यवहारमा लागू गर्न सक्ने बताए ।

सचेतना अभियानमा सामुदायिक प्रहरी सेवा केन्द्र बगरका अध्यक्ष राम प्रसाद अधिकारी , वडा प्रहरी कार्यालय बगरका नि. कार्यालय प्रमुख रामचन्द्र के . सीको समेत उपस्थिति थियो । कार्यक्रममा नि. कार्यालय प्रमुख रामचन्द्र के . सीले विद्यार्थीहरूलाई लागु औषध दुर्व्यसन र त्यसको असर, साइबर अपराधसम्बन्धी विषयमा प्रशिक्षणमुलक मन्तव्य राखेका थिए । वडा प्रहरी कार्यालयको सहजीकरण, सामुदायिक प्रहरी सेवा केन्द्र बगरसगको समन्वयमा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता विद्यालय व्यवस्थापन समिति अध्यक्ष सह प्रा. डा. कमलराज सापकोटाले गरेका थिए । विद्यालयका निर्देशनक नारायण न्यौपानेको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रमको संचालन विद्यालयका उप प्राचार्य ज्ञानेश्वर सुवेदीले गरे ।

# 'परान' को सफलतापछि कलाकार महेश त्रिपाठीलाई जन्म गाउँ कास्कीकोटमा सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन



कलाकार महेश त्रिपाठीलाई उनको जन्म गाउँ कास्कीकोटमा भव्य सम्मान गरिएको छ । त्रिपाठीको पछिल्लो प्रदर्शन भएको चलचित्र परानले बक्स अफिसमा ठुलो सफलता प्राप्त गरेको थियो ।

परानले देश विदेशमा सामाजीक परिवेशको वारेमा धेरैको मनसम्म छोएको चलचित्र हो । परानमा महेश त्रिपाठी र निर शाहाका संवादहरुमा निकै दर्शकहरु रोएका थिए । भिङ्गो दाउ २ चलचित्र छायँनकन सकेर गाउँ फर्कीएका महेशलाई स्थानीयले सम्मान गरेका हुन । पोखरा २४ कास्कीकोटलाई देश तथा विदेशमा चिनाउन सफल भएको भन्दै स्थानीय मितेरी आमासमुहको आयोजनामा गाउँमा सम्मान गरेका हुन् । लामो समयदेखी कलाकारितामा लागेका महेशलाई हल्कारा फिल्मबाट उत्कृष्ट अभिनेताको अन्तराष्ट्रीय अवार्ड समेत प्राप्त गरेका थिए भने केही समय अगाडी वेलायतमा आयोजना भएको फिल्म अवार्ड कार्यक्रम चलचित्र लाज शरणम्बाट जुरी अवार्ड पाएका थिए ।

महेश अभिनीत चलिचत्र ३६ को आकडा, क का की की , भिङ्गो दाउ २ प्रदर्शनको तयारीमा रहेका छन् भने अहिले उनी सिरजरा चलचित्रको सुटिङमा लागेका छन् ।

सम्मान कार्यक्रममा स्थानीय आमा समुह, युवा क्लवरुको उपस्थीती रहेको थियो । सम्मानले गाउँ प्रतिको माया अझै प्रगाड र धेरै समय पछि गाउँमा सबैसगँ भलाकुसारी गर्न पाउदा खुसी लागेको त्रिपाठीले बताए । मितेरी आमा समुहकी अध्क्षय जेनीशा परियारले अभिनयको माध्यमबाट समाज र राष्ट्को लागी त्रिपाठीले पुयाएको योग्दानको प्रशंसा गर्दै अझ कास्कीकोटको । नाम विश्व सम्म चिनाउदा आफुहरुलाई पनि ठुलो खुसी मिलेको भन्दै आगामी दिनहरुमा पनि अझै प्रगीत हुदै गएको देख्न आफुहरुले चाहेको बताइन् ।

# ढोरपाटनमा पहिलोपटक पुग्यो केन्द्रीय लाइन

पोखरापत्र संवाददाता
बागलुङ, २९ फागुन



नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा पहिलोपटक केन्द्रीय प्रसारण लाइनले जोडिएको छ । भौगोलिक विकटताका कारण अहिलेसम्म केन्द्रीय लाइन पुग्न सकेको थिएन । ढोरपाटन उपत्यकासहित आसपासका बस्ती लघुजलविद्युत्को भरमा थिए ।

नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रले बुर्तिबाङ बजारबाट ३५ किलोमिटर लामो पश्चिममा रहेको ढोरपाटनमा केन्द्रीय लाइन पुर्‍याएको हो । प्राधिकरणका बागलुङ प्रमुख दिलीप मरासिनीले ११ केभी विद्युत् लाइन ढोरपाटन पुर्‍याएको जानकारी दिनुभयो । अघिल्लो वर्षदेखि नै विद्युत् पोल गाड्ने र लाइन तान्ने काम गरेको भन्दै बिहीबारदेखि नियमित विद्युत् प्रसारण भएको उहाँको भनाइ छ ।

रु १५ करोड लागतमा ढोरपाटनमा विद्युत् पुर्‍याएको प्रमुख मरासिनीले बताउनुभयो । ढोरपाटनसम्म लाइन पुगेपछि अब स्थानीयका घरघरमा पुर्‍याउने उहाँको भनाइ छ । ढोरपाटन जोड्ने ११ केभी प्रसारण लाइन बिहीबारदेखि चार्ज गरिएको उहाँ बताउनुहुन्छ ।

प्रमुख मरासिनीले भन्नुभयो, "पश्चिम बागलुङको बुर्तिबाङमा केन्द्रीय लाइन पुगेको केही वर्षमात्रै भयो, त्यसभन्दा माथि अधिकारीचौरसम्म दुई वर्ष अगाडि पुगेको थियो, यसपालि ढोरपाटनसम्मै पुर्‍याएका छौँ, अब सानो हाइड्रोपावरबाट विद्युत् सेवा पाएका नागरिकले केन्द्रीय लाइन बाल्न पाउनेछन् ।"

ढोरपाटन क्षेत्रमा एक बजार बढी घर दूरी छन् । स्थानीयले ४० किलोवाटको गर्पाखोला लघुजलविद्युत् आयोजना र ६० किलोवाटकोढोरपाटनभुजीखोला लघुजलविद्युत् आयोजनामार्फत विद्युतीय सेवा लिँदै आएका थिए । विसं २०६८ मा सञ्चालनमा आएको गर्पाखोला लघुजलविद्युत् आयोजना र पाँच वर्ष अगाडि आएको ढोरपाटन भुजीखोला लघुजलविद्युत आयोजनाबाट पर्याप्त विद्युत् उत्पादन नहुँदा स्थानीयले सास्ती भोग्दै आएको ढोरपाटन नगरपालिका-९ का अध्यक्ष खिमबहादुर घर्तीमगरले बताउनुभयो । केन्द्रीय लाइन आएपछि अब सहज हुने उहाँको भनाइ छ ।

अध्यक्ष घर्तीमगरका अनुसार ढोरपाटन उपत्यकाको सलथान, बिजौलीखोला, छन्तुङ, खाल्डेखुल्डेलगायत करिब २५० बढी घरमा अहिलेसम्म विद्युत् नै नपुगेको बताउनुभयो । स्थानीयले माग गरेपछि हामीले सहजीकरण गरेर लाइन जडान गर्ने उहाँ बताउनुहुन्छ ।

"ढोरपाटनका धेरै घरमा अझै पनि विद्युत् नपुगेको अवस्था छ, स्थानीयले टुकी र दियालो बालेर रात कटाउँदै आएका छन्, केन्द्रीय लाइन आयो, अब सहज हुनेछ" , अध्यक्ष घर्तीमगरले भन्नुभयो, "अब कोही पनि नागरिकले विद्युत सुविधा लिनबाट वञ्चित हुनुपर्ने छैन ।" ढोरपाटन होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन पुनले जलविद्युत्बाट पर्याप्त विद्युत् उत्पादन नहुँदा विद्युतीय मेसिन चलाउन नपाएको भन्दै अब कपडा धुने मेसिन, हिटरलगायत उपकरण चलाउन सकिने बताउनुभयो। ढोरपाटनमा अत्यधिक चिसो हुने हुँदा बाह्रै महिना हिटर चलाउनुपर्ने अवस्था रहे पनि अहिलेसम्म स्थानीय हाइड्रोपावरबाट कम क्षमताको विद्युत् उत्पादन हुँदा चलाउन नपाएको पुनले बताउनुभयो ।

उहाँले भन्नुभयो, "पछिल्लो समय ढोरपाटनमा पर्यटकको आकर्षण बढेको छ, होटल व्यवसाय सञ्चालन गर्नेहरूका लागि केन्द्रीय विद्युत् नहुँदा निकै समस्या थियो, चिसो पानीमा कपडा धुनुपर्ने बाध्यता थियो, ठूलो मेसिन चलाउन पाएका थिएनौँ, अब सजिलो हुने भयो, पर्यटकले पनि लाभ लिन सक्ने भए ।" विद्युत् प्राधिकरणले छेन्तुङसम्म लाइन विस्तार गरिसकेको छ। ढोरपाटन सिकार आरक्ष कार्यालय, आर्मी ब्यारेक र विद्यालयहरूमा पनि लाइन जोडिने भएको छ। ढोरपाटनमा पहिलोपटक केन्द्रीय लाइन पुगेपछि स्थानीयवासी हर्षित भएका छन् । स्थानीय कुलबहादुर विकले स्थानीय हाइड्रोपावरबाट कम क्षमताको विद्युत् उत्पादन हुँदा ढोरपाटनभरका बस्तीमा विद्युत् नपुगेको बताउनुभयो । अब हरेक स्थानीयको घरका विद्युत् पुग्ने आस पलाएको उहाँको भनाइ छ । यहाँका अधिकांश स्थानीय बर्खायाममा ढोरपाटन र हिउँदमा बैँसी क्षेत्रमा बस्ने गर्छन् । बर्खाभरि अँध्यारोमा बस्न बाध्यता रहेको भन्दै अब उक्त समस्या समाधान हुने अपेक्षा लिएको विकले सुनाउनुभयो ।

# बेनी-ढोरपाटन-तकसेरा जोड्ने सडकमा गाडी चल्न थाले

पोखरापत्र संवाददाता
म्याग्दी, २९ फागुन



गण्डकी प्रदेशको बेनी-ढोरपाटन हुँदै लुम्बिनी प्रदेशको तकसेरा जोड्ने सडकमा सवार साधन गुड्न थालेका छन् ।

हाले मार्ग खुलेको बेनी-ढोरपाटन-तकसेरा जोड्ने १२२ किलोमिटर दूरीको यो सडक मध्यपहाडी लोकमार्गको बागलुङ-काँक्री खण्डको तुलनामा ५० किलोमिटर छोटो छ । बागलुङदेखि पूर्वीरुकुमको काँक्रीकोदूरी१७५किलोमिटरछ। पुथा उत्तरगङ्गा गाउँपालिकाको बा२फ ३५३७ नम्बरको गाडी तकसेरादेखि बिहीबार पहिलोपटक ढोरपाटन-बेनी हुँदै काठमाडौँ गएको हो । पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष पुनिराज घर्तीमगरले सवारी सञ्चालन गर्न सम्भाव्यता अध्ययनका लागि केही दिनअघि मार्ग खुलेको सडक प्रयोग गरेर बेनी हुँदै काठमाडौँ गएको बताउनुभयो ।

"सडक मार्ग नहुँदा पोखरा हुँदै काठमाडौँ जान ढोरपाटन-बेनीको बाटो प्रयोग गर्दै आएका थियौँ", उहाँले भन्नुभयो, "पुरानो पदमार्गलाई आधार मानेर अहिले खोलिएको यो सडकलाई स्तरोन्नति गर्न सकेमा पूर्वी, पश्चिमरुकुम, जाजरकोट र डोल्पाका बासिन्दालाई पोखरा-काठमाडौँ आवातजावत गर्न छोटो र सजिलो हुन्छ ।"

तकसेरादेखि गाडीमा पाँच घण्टाको यात्रापछि धवलागिरि गाउँपालिकाको केन्द्र मुनामा आइपुगेका अध्यक्ष पुनको टोलीलाई उपाध्यक्ष रेशम पुनमगर र प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले स्वागत गर्नुभयो । "बेनीदेखि मुना-खोरिया-मरेनी-जलजला-गुर्जाघाट हुँदै ढोरपाटन उपत्यका जोड्ने ७५ किलोमिटर दूरीको सडकको गत पुसमा मार्ग खुलेको थियो", धवलागिरिका उपाध्यक्ष पुनमगरले भन्नुभयो, "ढोरपाटन र तकसेरा सडकको यही फागुन तेस्रो साता मार्ग खुलेकाले हिउँदयाममा जीप र मोटरसाइकलमा यात्रा गर्न सकिने भएको छ ।" स्तरोन्नति गर्न र खोलामा मोटर चल्ने पुल बनाउन बाँकी यो सडकले ढोरपाटन, जलजला र तकसेरा घुम्न जाने पर्यटकलाई पनि सहज हुने धवलागिरिका प्रमुख प्रशासकीय अधिकृत शर्माले बताउनुभयो । हाल प्रयोगमा आइरहेको बागलुङदेखि बुर्तिबाङ हुँदै ढोरपाटन जोड्ने सडकको दूरी १२६ किलोमिटर छ । नयाँ मार्ग खुलेको सडक स्तरोन्नति गरेमा मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्पमा छोटो दूरीको सडकका रूपमा विकास हुने सम्भावना छ। बेनीदेखि २०५५ सालमा यो सडक निर्माण सुरु भएको थियो । धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बेनीबाट दरवाङ-मुना-जलजला-ढोरपाटन हुँदै पूर्वीरुकुमको टकसेरा जोड्ने सडक मध्यपहाडी लोकमार्गको बागलुङ खण्डभन्दा ५० किलोमिटर दूरी छोटो भएको बताउनुभयो । बेनीदेखि तातोपानी-बाबियाचौर हुँदै तोलावाङसम्म २० किलोमिटर सडक प्रदेश सरकारमार्फत कालोपत्र भएको छ । प्रदेश सरकारले दरवाङदेखि ताकम-मुना जोड्ने करिब १७ किलोमिटर सडक स्तरोन्नति गर्न दुईवटा शीर्षकमा योजना सञ्चालन गरेको प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले बताउनुभयो ।

मध्यपहाडी लोकमार्गको वैकल्पिक मार्ग र पूर्वीरुकुमसम्म जोडिने पश्चिम म्याग्दीको लाइफ लाइन मानिएको यो सडकको स्तरोन्नति र कालोपत्रका लागि बजेटको व्यवस्थापन र योजना कार्यान्वयनमा सरोकारवालाको चासो बढेको छ । हाले सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पूर्वीरुकुमबाट निर्वाचित हुनुभएका पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ' प्रचण्ड'ले गत माघ २८ बेनीमा भएको कार्यक्रममा म्याग्दीदेखि ढोरपाटन हुँदै तकसेरा जोड्ने सडकलाई मध्यपहाडी लोकमार्गको वैकल्पिक मार्ग बनाउने प्रतिबद्धता जनाउनुभएको थियो । पूर्वीरुकुम, म्याग्दी र बागलुङको एक हजार ३२५ वर्गमिटर क्षेत्रफलमा फैलिएको ढोरपाटन नेपालको एकमात्र सिकार आरक्ष हो । विश्वभरका साहसी सिकारीहरूको गन्तव्य ढोरपाटन पछिल्लो समय नेपाली पर्यटकको पनि रोजाइमा परेको छ । यो आरक्ष पर्यटनका लागि मात्र नभएर ढोरपाटनको जैविक, सांस्कृतिक, पर्यटकीय, धार्मिकलगायत धेरै अवसर छन् ।

# पशु क्षति भएका कृषकलाई रु १० लाख राहत

पोखरापत्र संवाददाता
दमौली, २९ फागुन

तनहुँको आँबुखैरेनी गाउँपालिकाले पशु बिमा कार्यक्रमअन्तर्गत कृषकलाई राहत वितरणलाई प्राथमिकतामा राखेको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा १३ जना कृषकलाई पशु क्षतिबापत रु तीन लाख १३ हजार ५०० वितरण गरेको छ । यस्तै अघिल्लो आवमा गाउँपालिकाले रु सात लाख १२ हजार ५०० राहत वितरण गरेको थियो ।

यस वर्ष वितरण गरिएको राहत रकम भैँसी, गाई, गोरु तथा बाख्रामा भएको क्षतिका आधारमा प्रदान गरिएको गाउँपालिकाका पशु चिकित्सक डा सन्तोष देवकोटाले जानकारी दिनुभयो । वडा नं ३ का शान्ता मिश्रलाई भैँसी क्षतिबापत रु ८१ हजार, वडा नं ५ का गणेशबहादुर मगरलाई बाख्रा क्षतिबापत रु १४ हजार २५०, वडा नं ५ छिम्केश्वरी लाब्दी बाख्रा फार्मलाई बाख्रा क्षतिबापत रु २८ हजार ५००, वडा नं ४ मिनबहादुर गुरुङलाई बाख्रा क्षतिबापत रु २८ हजार ५००, वडा नं ५ सुदीप गुरुङलाई बाख्रा क्षतिबापत रु १४ हजार २५०, वडा नं ५ मानबहादुर गुरुङलाई बाख्रा क्षतिबापत रु १४ हजार २५० राहत वितरण गरिएको उहाँले बताउनुभयो ।

वडा नं ५ वीरबहादुर कामीलाई गोरु क्षतिबापत रु १८ हजार, वडा नं ६ झिमेल भुजेललाई गाई क्षतिबापत रु ३६ हजार, वडा नं ६ मनबहादुर भुजेललाई बाख्रा क्षतिबापत रु १४ हजार २५०, जुनबहादुर गुरुङलाई बाख्रा क्षतिबापत रु १४ हजार २५०, धनबहादुर गुरुङलाई गोरु क्षतिबापत रु १८ हजार, निमबहादुर भुजेललाई गोरु क्षतिबापत रु १८ हजार र जुनबहादुर गुरुङलाई बाख्रा क्षतिबापत रु १४ हजार २५० राहत वितरण गरिएको छ । पशु बिमा कार्यक्रमअन्तर्गत प्रिमियम शुल्कको ८० प्रतिशत रकम नेपाल सरकारले व्यहोर्दै आएको छ भने कृषकले तिर्नुपर्ने २० प्रतिशत रकम गाउँपालिकाले नै व्यवस्थापन गर्ने भएकाले कार्यक्रम शतप्रतिशत निःशुल्क रूपमा सञ्चालन भइरहेको छ ।

गाउँपालिकाले आम्दानीको पशुपालनलाई मुख्य स्रोत बनाएका कृषकलाई समयमै पशु बिमा गराउन तथा आकस्मिक क्षतिबाट राहत लिन कार्यक्रमको लाभ लिन अनुरोध गरेको छ । अघिल्लो आवमा गाउँपालिकाले रु सात लाख १२ हजार ५०० राहत वितरण गरेको थियो ।

देवकोटाका अनुसार वडा नं ४ का १८ कृषकलाई रु दुई लाख ९६ हजार सात सय, वडा नं ५ का सात जना कृषकलाई रु एक लाख ५० हजार तीन सय, वडा नं ६ का १७ जना कृषकलाई रु दुई लाख ६५ हजार ५०० राहत वितरण गरिएको थियो ।